लेखापरीक्षण प्रतिवेदन

क्होलासोथार गाउँपालिका, लमजुङ

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

क्होलासोथार गाउँपालिका, लमजुङ

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-११

च.न.:FAR/2080-81/LOC/722

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्ष ज्यू,
क्होलासोथार गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
लमजुङ।

कैफियतसहितको राय

हामीले क्होलासोथार पालिकाको आर्थिक वर्ष २०८०।८१ को (आर्थिक विवरण) वा (आय व्यय विवरण) वा (प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी हरू समावेश भएको एकीकृत वित्तीय विवरण) को लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को (आर्थिक विवरण) वा (आय व्यय विवरण) ले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम वा (प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरण ले नेपाल सार्वजनिक क्षेत्र लेखामान नगदमा आधारित र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम) सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू ७ करोड ९२ लाख ३२ हजार, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु १ करोड ४ लाख ६९ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु ६ लाख र गरिव सँग विशेश्वर कार्यक्रम रु २ लाख ७९ हजार समेत गरी रू ९ करोड ५ लाख ८० हजार समावेश गरेको छैन।

२. यस पालिकाको रु ७५ करोड १ लाख ११ हजार लेखापरीक्षण गरिएकोमा रू २ करोड २० लाख ५७ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु १६ लाख २१ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु रु २ करोड ४ लाख ३५ हजार मध्ये असुल गर्नुपर्ने रू १ लाख, प्रमाण कागजात पेस गर्नुपर्ने रू १६ लाख २१ हजार, नियमित गर्नुपर्ने रु १ करोड ८७ लाख १४ हजार रहेको छ। गत वर्षसम्म रु ७ करोड २५ लाख ६८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ६ करोड २२ लाख १२ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३.पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८,१४,१७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य व्यहोरा

यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी क्होलासोथार गाउँपालिका व्यवस्थापनमा रहेको छ। यस कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(राजेन्द्र राज ओझा)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
४२	७०	२२०५७०६६	०	७	१६२१४२१	०	४२	६३	२०४३५६४४	१००१९०	१८७१४५१८	१६२०९३६	०	०	२०३३५४५४	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
लमजुङ	७२५६८०००		३०७९०७९१	४१७७७२०९	0	२०४३५६४४	६२२१२८५३

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७७/७८	३३	कार्यालयको काम उपभोक्ता समिति मार्फत् गराएको	४०,६३,४६७
२	२०७७/७८	४९	जालीमा बढी भुक्तानी	१२,४३०
३	२०७७/७८	६८	इट्टाको काममा बढी भुक्तानी	४४,०४०
४	२०७८/७९	३०	स्थानीय भत्ता कट्टा नगरेको	२,९५०
५	२०७८/७९	४०	सम्झौता बमोजिम आनुपातिक कट्टी नभएको	४७,६६२

६	२०७८/७९	६८	भुक्तानीमा कर कट्टी	३,९००
७	२०७८/७९	५७	प्रतिबिधार्थी लागत अनुदानको बढी रकम निकासा	८,७००
८	२०७८/७९	५६	पाठयक्रम बापतको रकम बढी भुक्तानी	३३,५०६
९	२०७८/७९	५९	छात्रवृति बापतको रकम बढी भुक्तानी	२,४००
१०	२०७८/७९	४३	गिलुङ शान्ती भवन निर्माण	२८,४५१
११	२०७८/७९	२९	गाडी भाडा	८०,०००
१२	२०७८/७९	४२	गाउपालिकाको स्वामित्वमा रहने संरचना उपभोक्ता समिति मार्फत गराएको	७८,९४,०००
१३	२०७८/७९	२८	एकै समयमा ३ वटा बैठक	१०,२००
१४	२०७८/७९	३८.२	आन्तरिक लेखापरीक्षण	६,४४१
१५	२०७८/७९	७२	हात्तीपाइले रोग विरुद्धको औषधी सेवन कार्यक्रम	२२,९६२
१६	२०७९/८०	४८	उपभोक्ताको विलभरपाई	६९,७५८
१७	२०७९/८०	६०	अग्रिम कर	१,९९१
१८	२०७९/८०	४७	सुरक्षित नागरिक आवास कार्यक्रम	२१,६०,०००
१९	२०७९/८०	६१	सामुदायिक सिकाई केन्द्र	२,०८,०००
२०	२०७९/८०	५७	रितपूर्वकको कर विजक प्राप्त नभएको	१,३५,७३५
२१	२०७९/८०	७१.३	भत्ता वितरण	३९,२४८
२२	२०७९/८०	३९	बिल भरपाई नभएको	२३,३४,२९६
२३	२०७९/८०	६९	फिल्ड भत्ता	५४,०००
२४	२०७९/८०	६५	दोहोरो भ्रमण भत्ता भुक्तानी	६,८००
२५	२०८०/८१	३१	प्राविधिक मूल्यांकन भन्दा बढी भुक्तानी :	९,६२१
२६	२०८०/८१	५	अनुदान फिर्ता	१२,५०,२८०
२७	२०८०/८१	६१	कार्यसम्पादन मूल्यांकन पुनरावलोकन समिति बैठक भत्ता	२३,८००
२८	२०८०/८१	३.५	वित्तीय प्रतिवेदन	३,३७,७२०
२९	२०७५/७६	३१	मालिङ स्वास्थ्य चौकी भवन निर्माण	६७,५९,९२७
जम्मा				३,२४,१२,२१२

(८०४३७५०१३०० - क्होलासोथार गाउँपालिका, लमजुङ)

क्व्होलासोथार गाउँपालिका , लमजुङ

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल १७५.३७ वर्ग किलोमिटर तथा ७ हजार ९६० जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।०८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।१३ देखि २०८१।५।१६ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबार, आय – व्ययको गरी जम्मा रु.७५०१,११,६१९।१५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.३,८०,४३४।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	विवरण	रकम
१	वडा नं. ३ को राजस्व दाखिला बाँकी	४१४९७
२	वडा नं. ४ को राजस्व दाखिला बाँकी	२३२५०
३	कर कट्टी रकम	८४००
४	छात्रवृत्ति रकम दाखिला	२८०००
५	कोटा अनुदानको शिक्षकको महंगी भत्ता	१२०००
६	शिक्षकको पारिश्रमिक कर	२१८७३
७	विद्यालयमा बढी निकासा	२३९४६४
८	का स मू पुनरावलोकन समिति	५९५०
	जम्मा	३८०४३४

२ **स्थानीय तहको सञ्चित कोष**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७० निम्न बमोजिम रहेको छः

क.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.व.को कारोबार			गत आ.व. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व अनुदान र अन्य प्राप्ति							
११०००	कर		५९७२०२१८.७५	०	५९७२०२१८.७५	५७२६७०८३.६७	०	५७२६७०८३.६७
१३०००	अनुदान		२१९८२८८४०.९६	०	२१९८२८८४०.९६	२४८७४६५२४.७६	०	२४८७४६५२४.७६
१४०००	अन्य राजस्व		२९७४३५७.९६	०	२९७४३५७.९६	५७५९६७.	०	५७५९६७.
१५०००	विविध प्राप्ति		२०७१८१.	०	२०७१८१.	०	०	०
क	**कुल जम्मा प्राप्ति**		२८२७३०५९८.६७		२८२७३०५९८.६७	३०६५८९५७५.४३		३०६५८९५७५.४३
३	चालु		२३२१००८९१.८५	०	२३२१००८९१.८५	२२३०११६६६.९८	०	२२३०११६६६.९८
२१०००	पारिश्रमिक / सुविधा		१४५७८४६५५.५४	०	१४५७८४६५५.५४	१३९२६३०७७.४३	०	१३९२६३०७७.४३
२२०००	मालसामान तथा सेवाको उपयोग		६७०२०७४३.८१	०	६७०२०७४३.८१	६७१८७९३३.०५	०	६७१८७९३३.०५
२५०००	सहायता (Subsidy)		५८९३८७१.	०	५८९३८७१.	१०९३२५०८.	०	१०९३२५०८.
२६०००	अनुदान		७०२५८५१.५	०	७०२५८५१.५	०	०	०
२७०००	सामाजिक सुरक्षा		५३९०१८०.	०	५३९०१८०.	४०४४२९०.	०	४०४४२९०.
२८०००	अन्य खर्च		९८५५९०.	०	९८५५९०.	१५८३८५८.५	०	१५८३८५८.५
४	पूंजीगत		५१७७२१९५.०२	०	५१७७२१९५.०२	८९२७०३८४.६२	०	८९२७०३८४.६२
३१११०	भवन तथा संरचना		२३६४१३९.	०	२३६४१३९.	३५२०२९७७.४२	०	३५२०२९७७.४२
३११२०	सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स		४१९१५०५.९९	०	४१९१५०५.९९	२२९४६६४.२५	०	२२९४६६४.२५
३११३०	अन्य पूँजीगत खर्च		८२०११३.	०	८२०११३.	१७१२७४९.	०	१७१२७४९.
३११४०	सुरक्षा उपकरण		०	०	०	१४९९९८.	०	१४९९९८.
३११५०	सार्वजनिक निर्माण		४३४३२८३७.०३	०	४३४३२८३७.०३	४९२२०३९५.९५	०	४९२२०३९५.९५
३११६०	निर्मितसरचनाको सुधार खर्च		२८८०००.	०	२८८०००.	५१६८००.	०	५१६८००.
३११७०	पूँजीगत सुधार खर्च		६७५६००.	०	६७५६००.	१७२८००.	०	१७२८००.
ख)	**कुल जम्मा भुक्तानी**		२८३८७३०८६.८७		२८३८७३०८६.८७	३१२२८२०५१.६		३१२२८२०५१.६
ग)	**बचत /कमी (ग = क-ख)**		-११४२४८८.२		-११४२४८८.२	-५६९२४७६.१७		-५६९२४७६.१७
घ)	**धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)**		-३३५३४३.१		-३३५३४३.१	७४०८१६.३३		७४०८१६.३३
घ.१)	**कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी**		-३३७७२०.०४		-३३७७२०.०४	-३२६९४०३.९८		-३२६९४०३.९८
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) (ङ = ग+घ)**		-१४७७८३१.३		-१४७७८३१.३	-४९५१६५९.८४		-४९५१६५९.८४
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**		३०५५७७५३.६८		३०५५७७५३.६८	२५६३३१४६.४५		२५६३३१४६.४५
छ)	**विनिमय नाफा/ घाटा तथा अन्य समायोजन**							
ज)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**		२९०७९९२२.३८		२९०७९९२२.३८	२०६८१४८६.६१		२०६८१४८६.६१

गाँउपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्:

सि.नं.	खर्च शीर्षक	बजेट	निकासा खर्च
1.	सामाजिक सुरक्षा तथा संरक्षण	८००६५०५५	७९२३२०६३
2.	एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	२५७६१०००	१०४६८८६०
3.	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	६०००००	६०००००
4.	गरिबसँग विश्वेश्वर कार्यक्रम	४१५०००	२७९५००
	जम्मा	**१०६८४१०५५**	**९०५८०४२३**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.७,९२,३२,०६३।-, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१,०४,६८,८५९।७३, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू.६,००,०००।- र गरिबसँग विश्वेश्वर कार्यक्रमको रू.२,७९,५००।- समेत गरी रु.९,०५,८०,४२२।७३ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.२ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.२,२६,८९,६३८।८२ मौज्दात रहेकोमा यो वर्ष रु.३,०५,५७,७५२।९८ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.७८,६८,११४।२१ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

३.३ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.२,६२,४८,११९।४०, पुँजीगत खातामा रु.१९,६८,६६७।२२, आन्तरिक राजस्व खातामा रु.२६,२९,०८७।१८, राजस्व बाँडफाँड खातामा रु.१४,३४,४३८।८२ समेत रु.३,२२,८०,३१२।६२ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

३.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

सि. नं.	खाताको नाम	स्रेस्ता अनुसार मौज्दात	बैङ्क अनुसार वर्षान्तको मौज्दात	फरक
१	आन्तरिक राजस्व खाता	-३४५३२१	२६२९०८७	२९७४४०८
२	बाँडफाँटबाट प्राप्त राजस्व खाता	०	१४३४४३९	१४३४४३९
३	आन्तरिक अनुदान खाता	०	०	०
४	स्थानीय तह सञ्चित कोष खाता	२२८९८८७४	०	-२२८९८८७४
५	स्थानीय धरौटी खाता	१८९४९७५	२०२००३३	१२५०५८
६	चालु खर्च खाता विजोर	९६०९४६	२६२४८११९	२५२८७१७३
७	पुँजीगत खर्च खाता विजोर	२७६२७४५	१९६८६६७	-७९४०७८
८	विविध खर्च खाता	०	०	०
९	स्थानीय प्रकोप व्यवस्थापन खाता	०	०	०
	जम्मा	**२८१७२२१९**	**३४३००३४६**	**६१२८१२६**

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

३.५ ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **३३७,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहायबमोजिम रहेका छन्:

वजेट व्यवस्थापनतर्फ

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको,
- स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको,
- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार नगरेको,
- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको,
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको ।

भ्रमण खर्च व्यवस्थापनतर्फ

- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित नगरेको,
- नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन तयार नगरेको ।

खरिद व्यवस्थापन तर्फ

- सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई नगरेको,
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख नराखेको ।

शिक्षातर्फ

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन, मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण,शुल्क निर्धारण, अनिवार्य निःशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

विविध तर्फ

- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. गरेको,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,
- विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्वेश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी नरहेको,
- विभिन्न कार्यक्रमहरूको अनुगमन बापत भत्ता भुक्तानी भएकोमा अनुगमन प्रतिवेदन पेस नभएको,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फस्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५ **अनुदान फिर्ता**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **१,२५०,२७९.९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

७ **खर्च विश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.३१,९१,५६९।१८ राजस्व बाँडफाँड र अनुदानबाट रु.३०,७८,७८,३०९।८२ समेत रू.३१,१०,६९,८७९।- आम्दानी भएकोमा चालुतर्फ रु.२३,२१,००,८९१।८५ र पुँजीगततर्फ रु.५,१७,७२,१९५।०२ समेत रु.२८,३८,७३,०८६।८७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.१२ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१,०३,८५,५००।- खर्च भएको छ जुन आन्तरिक आयको ३०.७३ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७४.६१ प्रतिशत चालु र १६.६४ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

८ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.५,१७,७२,१९५।- पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

९ **त्रैमासिक पुँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

रू. हजारमा						
बजेट उपशीर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	५१७७२	३४०२	२७५०	८८७२	३६७४८	२२५३५
प्रतिशत	१००.००	६.५७	५.३१	१७.१४	७०.९८	४३.५३

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रू.५ करोड १७ लाख ७२ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.३४ लाख २ हजार (६.५७ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२७ लाख ५० हजार (५.३१ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.८८ लाख ७२ हजार (१७.७२ प्रतिशत) र चौथो त्रैमासिकमा रू.३ करोड ६७ लाख ४८ हजार खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.२ करोड २५ लाख ३५ हजार (४३.५३ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१० **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल १०३ योजनामा बजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१	पालिकास्तरीय	२६	४	१०	१२
२	वडास्तरीय	७७	०	९	६८
	जम्मा	१०३	४	१९	८०

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ९९ योजनामात्र कार्यान्वियन भई ४ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

११ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.सं.	क्षेत्र/उप क्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास	१३७०९०००.००	९३९७२२५.००	३.३१
२	सामाजिक विकास	१३५००३४०३.००	१२०५६१२६१.०५	४२.४७
३	पूर्वाधार विकास	७१८००६९९.००	४८०१२९०२.०८	१६.९१
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२५६९०००.००	२०२६२६०.००	०.७१
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१३३६९४२३३.३५	१०३८७५४३८.७४	३६.५९
	कुल जम्मा	**३५६७७६३३५.३५**	**२८३८७३०८६.८७**	**१००.००**

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४२.४७ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा घटी ०.७१ प्रतिशत रहेको छ ।

१२ गत वर्षको दायित्व भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकी रू.८ लाख समावेश गरेकोमा बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी रु.५८,७८,६६०।- भुक्तानी दिएको छ। तसर्थ यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	५८,७८,६६०

१३ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८०।३।१० मा रु.३३ करोड ८० लाख ८८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै अख्तियारी बजेट कार्यक्रम हुँदा समेत पुँजीगत बजेट ६९.११ प्रतिशत मात्रै खर्च भएको अवस्था छ । बजेट कार्यान्वियन दक्षता बढाउनु पर्ने देखिन्छ ।

१४ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१५ जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी

निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ । अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।
- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अद्यावधिक गर्नुपर्दछ ।

१६ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१७ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष थप भएको १ गरी कुल १ विवाद दर्ता भएकोमा १ वटा मुद्दा फर्स्यौट भई फर्स्यौट गर्न बाँकी छैन ।

१८ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड सबनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म २९ वटा ऐन, ३ वटा नियमावली, २२ कार्यविधि र १ आचारसंहिता लगायत ५५ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ।

१९ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.९३,८००।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

२० रसिद नियन्त्रण खाता/राजश्व अभिलेख

कार्यालयले राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन। अघिल्लो आ.व.को बाँकी के कति छन् यकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यस सम्बन्धमा तहाँ

कार्यालयबाटै छानबिन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असुलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।

२१ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	१०००००.००	३७३१०८.००	३७३.१०
घरजग्गा वहाल कर	२०००००.००	८४६१९.३४	४२.३०
व्यवसाय कर	७००००.००	९३८००.००	१३४.००

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

२२ राजस्व असुली

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका ९ वडाहरुमध्ये नमुना छनौट गरी राजस्व असुली परीक्षण गर्दा आर्थिक वर्ष भरी रू.३१,९१,५६९।१८ आम्दानी भएकोमा वडा नं. ८ मा रु.१,५००।– र वडा नं. ६ मा रू.४१,१५०।- मात्र सुत्रमा आम्दानी जनाएको छ । कार्यालयले वडाहरूबाट प्राप्त आम्दानी र दाखिलाको व्यवस्थित अभिलेख नराखेकोले वास्तविक असुली र दाखिला यकिन गर्न सकिएन । यस सम्बन्धमा कार्यालयबाट यकिन गर्नुपर्दछ ।

वडा नं	असुली रु.	दाखिला रु.	कैफियत
पालिका	१३३५७७५.१८	१३३५७७५.१८	
१	१२५५८५.००	१२५५८५.००	
२	७२४३६०.००	७२४३६०.००	
३	१३५७७९.००	१३५७७९.००	
४	३०४९२३.००	३०४९२३.००	
५	२५१०७३.००	२५१०७३.००	
६	४११५०.००	४११५०.००	बैङ्क दाखिला र सुत्रको आम्दानी नभिडेको
७	१०५३९५.००	१०५३९५.००	
८	१५००.००	१५००.००	बैङ्क दाखिला र सुत्रको आम्दानी नभिडेको
९	१६६०२९.००	१६६०२९.००	
जम्मा	**३१९१५६९.१८**	**३१९१५६९.१८**	

२३ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.३०,००,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.३१,९१,५६९।१८ अर्थात अनुमान भन्दा ६.३८ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२४ **म्याद ननाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसार संस्थालाई रु.१,७०,१८,०००।– मोविलाइजेसन पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

भौ.नं./मिति	**पेस्कीको विवरण**	**पेस्की लिने व्यक्ति/संस्थाको नाम**	**पेस्की रकम**
२१।२०८१।३।२३ संघीय सशर्त	काम्रो लम्क्यू खोला मोटर पुल निर्माण	सिद्धि विनायक कन्स्ट्रक्सन	२६५९०००
१४३।२०८१।३।२३ पालिका	काम्रो लम्क्यू खोला मोटर पुल निर्माण	सिद्धि विनायक कन्स्ट्रक्सन	२६५९०००
१३।२०८१।३।२१ अन्तर सरकारी	१५ शय्या अस्पताल	डि डि आर जय काली बागेश्वरी जे.भी>	११७०००००
		जम्मा	**१७०१८०००**

२५ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

२६ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

२७ **तलवी प्रतिवेदन पारित नभएको**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका कर्मचारीहरुको र पालिकाका तर्फका कर्मचारीहरुको तलव भत्ता भुक्तानी गरेको छ।तलबी प्रतिवेदन पारित नगरी तलव भत्ता भुक्तानी गर्दा कर्मचारीको ग्रेड एकिन गर्न सकिएन। खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड

भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

२८ **विल भरपाई**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा मा विल, भरपाई तथा कारोवार पुष्टि गर्ने काजजात पेश भएपश्चात जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ ।पालिकाले निम्न भौचर नं भरपाई गरी रकम भुक्तानी गरेकोमा कुन कार्यको लागि कति रकम खर्च भएको विवरण प्राप्त नभएकाले एकिन हुन सकिएन । कार्यक्रमको पूर्ण विवरण सहित प्रमाण पेश गर्नुपर्ने रु

भौचर नं	**कार्यक्रम**	**भुक्तानी लिने व्यक्ति**	**रकम**
४४९।२०८१।३।१९	अपाङ्ग ज्यष्ठ नागरिक तथा सामाजिक कार्यक्रममा खाना व्यवस्थापन कार्य ।	वडा सचिव नवीन घर्तीमगर	२५०००
४३७।२०८१।३।१९	पसँगाउ खोलकुद कार्यक्रम	खोलकुद समिति	४९१६४
जम्मा			७४१६४

क्रम	**कर्मचारीको नाम**	**असुली रकम**
२८.१	क्होलासोथार गाउपालिका	७४,१६४

अनियमित भएको	७४,१६४

२९ **वितरणमुखि कार्यमा खर्च**

पालिकाले चालु खर्च मितव्ययि र पूँजीगत खर्च नतिजामूलक तथा प्रतिफल देखिने गरि खर्च गर्नुपर्दछ।लेखापरिक्षणको क्रममा नमुना छनौट गर्दा निम्नानुसारका गो भौ नं र मितिबाट वितरणमुखि कार्यमा खर्च गरेको देखियो। यसरी वितरणमुखि एवं प्रतिफल प्राप्त नहुने कार्यमा खर्च लाई नियन्त्रण गर्नुपर्दछ।

गो भौ नं मिति	वापत	भुक्तानी पाउने	रकम
१३६। २०८०।१०।२५	पुस्तक छपाई	प्रेम घले	१५००००
७१।२०८०।०८।०६	मिडिया सुदृढिकरण कार्यक्रम	स्वतन्त्र शक्ति साप्ताहिक लमजुङ	५९८९०
१५९।२०८०।११।१३	खेलकुद	त्रिवेणी युवा क्लव	५००००
२५३।२०८१।०१।२६	पसगाउ महोत्सव	पसगाउ महोत्सव	३५००००

३० **कार्यविधि बेगर कृषि अनुदान**

पालिकाले वितरणमुखी कार्य गर्दा कार्यविधि बनाई त्यसको आधारमा समन्यायीक ढङ्गले गर्नुपर्दछ । निम्न भौचर बाट पालिकाले विभिन्न प्रकारका अनुदान वितरण गर्दा कार्यविधि बेगर वितरण गरेको देखियो ।यसरी कार्यविधि बेगर वितरण गरिएको निम्न कार्यक्रम नियमसंगत नदेखिएकाले पालिकाले अनुगमन गरी नियमित गर्नुपर्ने रु

भौचर नं	अनुदानको व्यहोरा	भुक्तानी पाउने व्यक्ति संस्था	भुक्तानी रकम
३५४।२०८१।२।३०	५० प्रतिशत अनुदानमा धान विउ वितरण	उन्नती उग्रो सिड्स सप्लायर्स	२९९७८०
३६१।२०८१।३।१२	५० प्रतशत अनुदानमा कृषि पशु विकास कार्यक्रम	नविन घर्तामगर	५००००
४१३।२०८१।३।१७	८५ प्रतिशत अनुदानमा सुन्ताला विरुवा वितरण	आचार्य जैविक कृषि फर्म	३६४५००
४४६।२०८१।३।१९	५० प्रतिशत अनुदानमा बाख्रा वितरण कार्यक्रम	भवन सिङ्ग तामाङ्ग	१०००००
४४६।२०८१।३।१९	५० प्रतिशत अनुदानमा बाख्रा वितरण कार्यक्रम	राम बहादुर गुरुङ्ग	१०००००
५२६।२०८१।३।२२	बाझो जिमन सदुपयोग कार्यक्रममा प्रति रोपनी रु ५००० अनुदान	श्रीकान्त न्यौपाने	१४००००
जम्मा			१०५४२८०

क्रम	**कर्मचारीको नाम**	**असुली रकम**
३०.१	क्होलोसोथार गाउपालिका	१,०५३,२८०

अनियमित भएको	१०,५३,२८०

३१ **प्राविधिक मूल्याकंन भन्दा बढी भुक्तानी :**

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **९,६२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३२ **बहाल कर :**

आयकर ऐन २०५८ को दफा ८८ अनुसार बहाल आयमा १० प्रतिशतका दरले अग्रीम रुपमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिका गो भौ नं ६३।०८१।०२।२१ मा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत प्रविधि हस्तान्तरण कार्यक्रममा मौरीघार ढुवानी वापतको रकम ३५००० रहेकोमा ३५०० कर कट्टी गरी सवारी चालकलाई भुक्तानी गरेको छ तर पालिकाबाट उक्त रकम दाखिला नभएकोले दाखिला गर्नुपर्ने कर रकम रु

असुल गर्नुपर्ने	३,५००

३३ **दोहोरो भुक्तानी :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७९ को नियम ३६ (५) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले गो भौ नं ३५।०८०।१०।८ मा क्षयरोग कार्यक्रमको अर्धवार्षिक समिक्षा कार्यक्रम लगायत अन्य शिर्षकको कार्यको लागि अनिता रिमाललाइ रु १६०००० पेश्की रकम दिएकोमा भौ नं ४५।०८०।११।२४ मा उक्त कार्यक्रको पेश्की फछ्यौट गरी थप रु ६११४ भुक्तानी भएको छ तथा पेश्की फछ्यौट गर्दा क्षयरोगको अर्धवार्षिक समिक्षा कार्यक्रमको रु ५१९०० को कार्यक्रम सचालन गरि आवश्यक विल भर्पाई पेश भएको देखिदैन । पालिकाले पुन सोही कार्यक्रम संचालन गरेवापत भौ नं ५०। २०८०।१२।२४ बाट अहेव राजु परियारलाइ रु ५१९०० भुक्तानी दिएकोमा अनिता रिमालबाट कार्यक्रमको लागि दोहोरो परेको रकम असुल गरी दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	५१,९००

३४ **इन्टरनेट जडान :**

कोभिड १९ का कारण उत्पन्न परिस्थितीमा सिकाई सहजीकरणका लागी शैक्षिक कार्यक्रम अर्न्तगत विद्यालयमा ईन्टरनेट सेवा विस्तारका लागि स्थानिय तह अन्तरर्गत सञ्चालित आधारभुत तहका सामुदायिक विद्यालयको लागि प्रति विद्यालय रु १२ हजार उपलब्ध गराउने र उक्त रकम ईन्टरनेट जडान गर्ने, जडित ईन्टरनेट शुल्क भुक्तानी गर्ने खर्च गर्ने उल्लेख छ।पालिकाले भौ नं ४८।०८०। १०।१३ बाट विभिन्न विद्यालयलाई रु ३०८००० अनुदान उपलव्ध गराएकोमा देहायका विद्यालयहरुमा इन्टरनेट जडान भए नभएको सम्बन्धमा एकिन गर्न नसकिएको हुँदा स्थानीय तहबाट अनुगमन गरी सोको प्रतिवेदन पेश गर्नुपर्ने रु

विद्यालय	**रकम**
रामोदय प्रावि	१००००
कृष्ण प्रावि	१००००
रत्न हिरक प्रावि	८०००
लोकवाला प्रावि	८०००
तामु प्रावि	१२०००
लालिगुरास प्रावि	८०००
जनकेशरी प्रावि	८०००
सूर्यज्योति प्रावि	८०००
जम्मा रकम	**७२०००**

प्रमाण पेश नगरेको	७२,०००

३५ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा ६ योजना सञ्चालन गरी यस वर्ष ६७ जनालाई औसत ९९.२९ दिनले ६६५३ दिन रोजगारी उपलव्ध गराई रु.११,६१,२७०।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

३६ सामुदायिक सिकाइ केन्द्र संचालन अनुदान

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.११ मा स्थानीय तहले नियमित संचालनमा रहेका तथा निश्चित मापदण्ड पुगेका सामुदायिक सिकाई केन्द्रको संचालनको लागि वार्षिक एकमुष्ठ २ लाख रुपैया सम्म अनुदान दिन सक्ने व्यवस्था रहेको छ । उक्त अनुदान रकमबाट सामुदायिक सिकाई केन्द्रका परिचालिकाको प्रमाणित हाजिरीको आधारमा मासिक ८००० को दरले १२ महिनाको रकम पारिश्रमिकमा खर्च गर्न सकिने तथा बाँकी अनुदानबाट सिकाई केन्द्रले बार्षिक कार्यक्रम तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गर्नुपर्ने र कार्यक्रमको प्रस्तावनाको आधारमा स्थानीले तहले थप बजेटको व्यवस्था गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले गो भौ ३२।०८०।०९।१८ मा जनकल्याण सामुदायिक सिकाइ केन्द्र र मिलिजुली सामुदायिक सिकाइ केन्द्रलाई कर्मचारीको तलब वापत रु २४०००० रकम निकासा दिएकोमा उक्त सिकाइ केन्द्रबाट यस आवमा कुनै कार्यक्रमको प्रस्तावाना पेश गरी कार्यक्रम संचालन नगरेको साथै जनकल्याण सामुदायिक सिकाई केन्द्रका कर्मचारी भवानि सुनारलाई पालिकाको

लाइब्रेरी शाखामा र मिलिजुली सामुदायिक सिकाइ केन्द्रको कर्मचारी पूर्ण कुमारी गुरुङलाई वुद्धोदय माविमा राखि तलब खुवाइएको हुँदा अनियमित देखिएको रु

तथा संचालनमा नरहेका सिकाइ केन्द्ररलाई उदेश्य अनुरप संचालन गर्नतर्प पालिकाले ध्यान दिनुपर्दछ ।

अनियमित भएको	२,४०,०००

३७ **विद्यालय लेखापरीक्षण अनुदानः**

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१० मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमध्ये आधारभुत तह सञ्चालित विद्यालयहरुका लागि प्रति विद्यालय रु १० हजार र माध्यमिक तह सञ्चालित विद्यालयहरुमा प्रति विद्यालय रु १५ हजारको दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण शिर्षकमा एकमुष्ट अनुदान निकासा दिने व्यवस्था रहेको र सोही बमोजिम विद्यालयले अन्तिम लेखापरीक्षण हुनु पूर्व नै उक्त लेखापरीक्षण कार्यसम्पन्न गरी स्थानीय तहमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले आ व ०८०।८१ मा पालिकाका विद्यालयको आर्थिक लेखापरिक्षणको लागि गो भौ नं ४८।०८०।१०।१३ बाट रु ३३५००० रकम-निकासा गरी खर्च लेखेकोमा निकासा भएको आर्थिक वर्षको विद्यालयको आर्थिक लेखापरीक्षण भई प्रतिवेदन पेश नभएकोले आर्थिक लेखापरीक्षण गराइ सोको प्रमाण पेश गर्नुपर्ने रु

विद्यालयको नाम	रकम
जनज्योति मावि	१५०००
लोकवाला प्रावि	१००००
सुरेन्द्र प्रावि	१००००
सरस्वती प्रावि	१००००
शारदा मावि	१५०००
गौमति प्रावि	१००००
शैलमन्दिर प्रावि	१००००
विद्यामन्दिर प्रावि	१००००
घलेउत्तरकन्या मावि	१५०००
घलेउत्तरकन्या प्रावि	१००००
रामोदय प्रावि	१००००
कृष्ण प्रावि	१००००
त्रिभुवन विद्याश्रम मावि	१५०००
कमा प्रावि	१००००
हिमालय मावि	१५०००
पसगाँउ ठाँटी मावि	१५०००
वनस्थली मावि	१५०००
जनकेशरी प्रावि	१००००
रत्नहिरक प्रावि	१००००
लालीगुराँस प्रावि	१००००
सुर्योज्योति प्रावि	१००००
सूर्योदय मावि	१५०००
तामु प्रावि	१००००
शान्तीदेवि प्रावि	१००००
चन्द्रोदय प्रावि	१००००
बुद्धोदय मावि	१५०००
थल्जुकन्या प्रावि	१००००
ज्योतिविन्दु प्रावि	१००००
जवालादेवि प्रावि	१००००
जम्मा रकम	३३५०००

प्रमाण पेश नगरेको	३,३५,०००

३८ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता -**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गगत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.२१,५०,०००।- तलब भत्ता अनुदान दिएको पाइयो । पालिकाको आन्तरिक आम्दानी समेत न्यून रहेको अवस्थामा यसरी विद्यालयले व्यवस्था गरेको निजी शिक्षकहरूको तलब वापत रकम समानीकरणबाट अनुदान दिएको नियमसम्मत नदेखिएको रू.

मिति	भौ. नं.	विद्यालय	विवरण	भुक्तानि	कैफियत
२०८१।०३।१८	४२३	जनज्योति प्राविधिक शिक्षालय	शिक्षक अनुदान	३९६९६५	३ जना प्रशिक्षक, १ का स र १ लेखापाल
२०८०।६।१८	२४	जनज्योति प्राविधिक शिक्षालय	शिक्षक अनुदान	४४५७३९	३ जना प्रशिक्षक, १ का स र १ लेखापाल
२०८०।०९।२८	११७	जनज्योति प्राविधिक शिक्षालय	शिक्षक अनुदान	३८२०६२	३ जना प्रशिक्षक, १ का स र १ लेखापाल
२०८०।१२।२५	२०५	जनज्योति प्राविधिक शिक्षालय	शिक्षक अनुदान	३७५२३४	३ जना प्रशिक्षक, १ का स र १ लेखापाल
२०८१।०३।१८	४२३	पसगाउँ ठाँटी मा. वि.	शिक्षक अनुदान	४०७९३२.००	१ जना निज ी शिक्षक र लाइबेरियन
२०८०।१२।२५	२०५	पसगाउँ ठाँटी मा. वि.	शिक्षक अनुदान	१४२०६८	
			जम्मा	**२१५००००**	

अनियमित भएको	२१,५०,०००

३९ **वितरणमुखी पुँजीगत खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने विषयहरुलाई प्राथमिकता दिई योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने उल्लेख छ।यस पालिकाले वार्षिक बजेटबाट विभिन्न समूहहरुको भवन मर्मत, रङ्गरोगन, शौचालय निर्माण लगायतका अनुत्पादक र वितरणमुखी कार्यमा बजेट विनियोजन गरी खर्च गरेको छ। यस किसिमका खर्चबाट आर्थिक विकासमा टेवा पुग्ने देखिदैन। गाउँपालिकाले विभिन्न आमा समूहलाई खर्च लेखेकोमा नियन्त्रण गर्नुपर्दछ । केही उदाहरणः

भौ.नं/मिति	कामको विवरण	लागत अनुमान	कार्यसम्पन्न	भुक्तानी
९६।२०८१।२।१७	सिर्जनशील आमा समूह भवन मर्मत घेराबार लगायतको कार्य	३१९९८६	३२०२८५	२८८०००
३१।२०८०।१२।१३	शान्ति आमा समूह भवन मर्मत, प्लाष्टर, रङ्गरोगन लगायतको कार्य	२१४१५०	२१४७९७	१९२०००
८२।२०८१।२।२	तल्लो चरा गाउँ बाबु समाज घर शौचालय निर्माण	१३१३०५	१४६६२४	९३९८९
८३।२०८०।२।३	वुद्ध शरण आमा समूह भवन मर्मत प्लाष्टर	११४४१८	११४५५२	९६०००
१२७।२०८१।३।१९	मदन आश्रित भवन उ.स.	५३३६६४	५४८१७४	४७३१९३
	जम्मा	**१३१३५२३**	**१३४४४३२**	**११४३१८२**

४० **स्वीकृत दरबन्दी बाहिर करार सेवा**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई सम्बन्धी आदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरीत भई भुक्तानी गर्ने पदाधिकारीबाट असुल उपर हुने व्यहोरा उल्लेख छ । स्वीकृत दरवन्दी भन्दा वाहिरका प्रेस सल्लाहकार लगायतका कर्मचारी राखी देहायअनुसार खर्च लेखेको छ । स्वीकृत दरवन्दी विपरितको पद सिर्जना गरी खर्च लेखेको उक्त रकम कानून विपरित भएकोले स्थानीय सरकारलाई थप व्ययभार परेको देखिएकोले नियसम्मत नदेखिएको रु.

क्र.सं.	विवरण	भुक्तानी
१	अ.हे.ब को रुपमा दिनेश विकलाई मासिक ३२९०२.०० का दरले चाडपर्व समेत	४२७७२६.००
२	अ.हे.ब को रुपमा सरिता गुरुङलाई मासिक ३२९०२.०० का दरले चाडपर्व समेत	४२७७२६.००
३	अ. न. मि. को रुपमा अस्मिता गुरुङलाई मासिक ३२९०२.०० का दरले चाडपर्व समेत	४२७७२६.००
४	अ. न. मि. को रुपमा मिना गुरुङलाई मासिक ३२९०२.०० का दरले चाडपर्व समेत	४२७७२६.००
५	अ. न. मि. को रुपमा स्मृती गुरुङलाई मासिक ३२९०२.०० का दरले चाडपर्व समेत	४२७७२६.००
७	अ.हे.ब को रुपमा राजु विश्वकर्मलाई मासिक ३२९०२.०० का दरले चाडपर्व समेत	४२७७२६.०२
८	अ.हे.ब को रुपमा गोपिनी गुरुङलाई मासिक ३२९०२.०० का दरले चाडपर्व समेत	४२७७२६.०३
९	अ. न. मि. को रुपमा समिता अधिकारीलाई मासिक ३२९०२.०० का दरले चाडपर्व समेत	४२७७२६.०४
१०	अ.हे.ब को रुपमा निशा गुरुङलाई मासिक ३२९०२.०० का दरले चाडपर्व समेत	४२७७२६.०६
११	मेडिकल अधिकृत सागर थापालाई मासिक ४८७३७.०० का दरले चाडपर्व समेत	६३३५८१.००
	जम्मा	**४४८३११५.१५**

अनियमित भएको	४४,८३,११५.१५

४१ मृगौला प्रत्यारोपण

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारी मृगौला प्रत्यारोपण गरेका, डायलासिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को दफा २ ख बमोजिम "लक्षित समुह" भन्नाले मृगौला प्रत्यारोपण गराएका, डायलाइसिस गराइरहेका, क्यान्सर रोग पहिचान भई उपचारपछि निको भईसकेका व्यक्ति बाहेकका क्यान्सर रोगी (क्यान्सर पहिचान भई उपचारपछि निको भईसकेका तर चिकित्सकले तीन-तीन महिना भित्र निरन्तर निगरानीमा (close follow up) राखेका व्यक्ति यस लाभग्राहिको सूची भित्रैपर्ने) र मेरूदण्ड पक्षाघात भएका (रातो र नीलो अपाङ्ग परिचय पत्र वाहक) व्यक्ति सम्झनु पर्ने र २ ग मा "लाभग्राही" भन्नाले लक्षित समुहमा परेका औषधि उपचार गर्न नसक्ने गरिबीको परिचय पत्र वितरण गरेको जिल्लाको हकमा सो परिचय पत्र वाला तथा गरिबीको परिचय पत्र वितरण गरी नसकेको जिल्लाको हकमा बिपन्न व्यक्ति वा स्थानीय तहबाट सिफारिस समिति गठन गरी पहिचान भएका बिपन्न रहेको प्रमाणपत्र प्राप्त व्यक्ति सम्झनुपर्ने उल्लेख छ । त्यसै गरी सोही कार्यविधिको दफा ४ मा लाभग्राहीलाई नेपाल सरकारले तोकेको मासिक रू.५०००।- का दरले त्रैमासिक रुपमा महिनाको अन्तिम दिन स्थानीय तहले लाभग्राहीको खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले तयार भएको परिचयपत्र वितरण नगरी परिचयपत्रमा उल्लेखित लाभान्वित वर्गको नामनामेसी भिडान नगरी वडा कार्यालय तथा चिकित्सकको सिफारिसको आधारमा भौचर नं. १ मिति २०८१।३।२५ बाट १६ जना लाभग्राहीलाई रू.४,७५,२००।- र भौचर नं.४ मिति २०८१।३।२९ बाट ४ लाभग्राहीलाई रू.१,१८,८००।- समेत रू.५,९४,०००।– भुक्तानी दिएको छ । कार्यविधिको पालना गर्नुपर्दछ।

४२ घटी कर कट्टी

आयकर ऐन, २०५८ को दफा ८९ अनुसार बहाल आयको १० प्रतिशत अग्रीम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले गौ भै नं १३। २०८०।६।३० बाट बाराही कन्स्ट्रक्सनलाई डोजर प्रयोग गरे रु ५७०००० भुक्तानी गरेकोमा बहाल खर्च बापत रु रु ५०४४० भुक्तानी गर्दा सोको १० प्रतिशतले हुने रु ५०४४ कट्टा नगरी भुक्तानी दिएको देखिएकाले कट्टी नभएको रकम असुल उपर गर्नुपर्ने रु

असुल गर्नुपर्ने	५,०४४

४३ **काम्रो र लम्क्यू खोला मोटर पुल निर्माण 03/NCB/BRIDGE/KGP/080.081**

संघिय समपुरक तर्फको योजनामा पालिका तथा निर्माइ व्यवसायी सिद्धिविनायक कन्सक्ट्रन सँग पुल निर्माण गर्ने मू अ कर सहित रु ८४३८१७०० लागत अनुमान तयारि गरी मिति २०८३।३।११ सम्म निर्माण सम्पन्न गर्नुपर्ने गरी मिति २०८१।३।१२ मा निर्माण सम्झौता गरेको ।यस कार्यको लागि निर्माण व्यवसायीलाई रु ५३१८००० मोविलाईजेशन पेशकी दिइएको छ ।पालिकाले निरन्तर अनुगमन गरी निर्धारित समयमानै निर्माण सम्पन्न गर्न तर्फ ध्यान दिनुपर्दछ ।

४४ **मु अ कर समायोजन**

मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ग मा सरकारी कार्यालयले कुनैपनि वस्तु वा सेवा प्राप्त गरेर भुक्तानी गर्ने मू अ कर रकमको तीस प्रतिशत कट्टा गरि वाँकी रकम आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्न भैचर नं मितिबाट कर कट्टा नगरी अन्तिम भुक्तानी गरेकाले आन्तरिक राजस्व कार्यालयबाट मुल्य समायोजन पत्र पेश गर्नुपर्ने रु

क्रस	भौचर/मिति	व्यहोरा	मू.अ.कर	कट्टा हुनुपर्ने रकम
१	२८।२०८०।१२।०२	सिटिजन फर्निचर टेर्ड्र लिङ्ग बाट फर्निचर खरिद	११३८६३	३४१५८
२	७।२०८०।६।२३	बाराही कन्स्ट्रक्सन	५०४४२४	१९६७५

प्रमाण पेश नगरेको	५३,८३३

४५ **पसगाँउ सिङ्दी मोटरबाटो निर्माण कार्य 01/NCB/ROAD/KGP/2080.81**

प्रदेश समपूरक तर्फको योजनामा पालिका तथा निर्माण व्यवसायी घनपोखरी निर्माण सेवा सँग सडक निर्माण गर्ने मू अ कर सहित रु ८३७४९५४ मा लागत अनुमान तयार गरी मिति २०८१।२।३२ सम्म निर्माण सम्पन्न गर्ने गरी २०८०।८।२७ गते निर्माण सम्झौता गरेको देखिन्छ । यस सम्बन्धि देखिएका व्यहोरा निम्न छनः

- पालिकाले निर्माण व्यवसायीलाई ५८ प्रतिशत अर्थात रु २६५३७८७ कार्य नापी गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी पहिलो तथा अन्तिम रनिङ्ग विल बाट रु २६५३७८७ भुक्तानी दिएको देखिन्छ । यसको कारणमा पालिकाले निर्माण गर्दै जादाँ कडा चट्टान आएको हुँदा निर्माण कार्य रोकी नापी कितावमा सम्पन्न भएको कार्यको मापन गरी सोही आधारमा भुक्तानी दिएको भन्ने जवाफ प्राप्त भएको । निर्माण कार्य शुरु गर्दा डी पि आर तयार गरी त्यसको आधारमा लागत अनुमान तयार गर्नुपर्दछ र सोही आधारमा निर्माण कार्य गर्नुपर्दछ । पालिकाले ठेक्का दिएको यस निर्माण कार्यमा डि पि आर तयार गरी निर्माण कार्य गरेको देखिएन । साथै, २० लाख माथिको निर्माण कार्यमा निर्माण सामग्री तथा जनशक्तिको अनिवार्य विमा गर्नुपर्नेमा विमा गरेको कागजात पेश गरेको देखिएन । पलिकाले विमा विपत पि एस आइटममा रु ५०००० विनियोजन गरेतापनि निर्माण व्यवसायीले विमा नगरेको तथा अन्तिम भुक्तानीमा पनि विमा बापत भुक्तानी दावी पेश नगरेको देखिन्छ ।तसर्थ, पालिकाले निर्माण कार्य गर्दा गुरु योजना तयार गरी विकास योजना कार्यान्वयन गर्नुपर्दछ तथा विमालाई अनिवार्य लागु गराउनुतर्फ ध्यान दिनुपर्दछ ।

४६ **१५ शैया अस्पताल निर्माण**

संघिय सरकारको स्वास्थ्य पूर्वाधार स्तरोन्ती कार्यक्रम अन्तर्गत पालिका तथा निर्माण व्यवसायी T.D.R Jaya Bageshori J V , Nepalgung बीच मिति २०८०।५।१० सम्म ठेक्का नं ८।०७७।०७८ बाट १५ शैया अस्पताल निर्माण गर्न मिति २०७८।५।१० मा रु १३३०३२३२७ निर्माण सम्झौता गरेको देखिन्छ ।पालिकाले गत आर्थिक वर्ष पेश्की रु ११७०००००, पहिलो रनिङ्ग विलबाट रु

८०६९३११ तथा यस आर्थिक वर्ष दोस्रो रनिङ्ग विल बाट रु ६०४१२२० तथा तेस्रो रनिङ्ग विल बाट रु ४२५२४०९ गरी हालसम्म रु १८३६२९४० भुक्तानी भएको श्रेस्ता परीक्षणबाट देखिन्छ । यस सम्बन्धि देखिएका व्यहोरा निम्न छनः

४६.१ खरिद नियमावलीको नियम १२० मा पालिकाको कारण तथा काबु बाहिरको परिस्थितिमा निर्माण ढिलाई हुन गई म्याद थप गर्नुपरेमा स्पप्ट कारण तथा कार्यतालिका सहित म्याद थप निवेदन पेश गरी म्याद थप गर्न व्यवस्था छ ।पालिकाले मिति २०८०।५।१० गते पहिलो पटक मिति २०८१।५।१० सम्म कार्यपालिकाको निर्णयले म्याद थप गरेको देखिन्छ ।पालिकाले २०७९।४।२९ तथा ५।२४ मा समयमै कार्यसम्पन्न गर्ने लिखित ताकेता गरेको तथा पटक पटक फोन गरी ताकेता गरेको भएतापनि निर्माण व्यवसायीले पेश्की ढीला गरी निकसा भएको, निर्माण साम्रगीको अधिक मूल्य वृद्धि भएको, अविरल वर्षात, निर्माण साम्रगीको अभाव तथा चाडपर्व जस्ता नियमित कारण देखिई म्याथ थपको निवेदन पेश गरेको ।पालिकाले स्प्ट कारण सहित व्याख्या गरी म्याद थप गर्नुपर्दछ ।

४६.२ निर्माण कार्यको भौतिक प्रगति ०८१ आषाढ मसान्त सम्म १३.२७ प्रतिशत तथा वित्तीय प्रगति पेश्की सहित २२ प्रतिशत मात्र भएको देखिन्छ ।यसरी निर्धारित समय समाप्त भई सक्दा पनि भौतिक प्रगति न्यून भएकाले पालिकाले निर्माण व्यवसायीलाई ताकेता गर्नुपर्दछ र समयमै निर्माण कार्य सम्पन्न गर्न गराउन पहल गर्नुपर्दछ ।

४७ ठेक्का व्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ ।यस वर्ष लगाएका निम्न ठेक्का मध्ये लागत अनुमान भन्दा 45.21 प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका योजनाको विवरण देहायमा छन् ।

क्र.सं.	योजनाको विवरण	ठेक्का नं.	बोलपत्रदाता	लागत अनुमान	सम्झौता रकम	घटी प्रतिशत
१	पाउगाँउ सिगटी मोटरबाटे निर्माण प्रदेश समपूरक तर्फ	01/NCB/ROAD/KGP/2080-081	घनपोखरी निर्माण सेवा	८३७४९५४	४६१३७५६	४५.२१
२	म्रोचे पोखरी निर्माण प्रदेश सशर्त तर्फ	02/NCB/ROAD/KGP/2080-081	भुजुङ्ग याम्पो निर्माण सेवा	५२४६१७३	४४०२३०४	१६.२२
३	काम्रे ल्याप्यू खोला मोटर बाटो निर्माण	03/NCB/ROAD/KGP/2080-081	सिद्धिविनायक कन्स्ट्रकसन प्रा लि	८४३८१७००	६६३३८५४७	२१.८५

४८ नविकरणीय उर्जा

नियमावलीको नियम १२३ (१) खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ ।पालिकाले मस्याङ्गदी उर्जा प्रा.लि लाई संघीय सशर्त अनुदान तर्फको भौचर नं ३।२०८०।८।१५ बाट रु ७९९९५५ नवीकरणीय उर्जाको जडान बापत भुक्तानी दिएको देखिन्छ । जडान भएको प्राविधिक पुस्ट्याई सहितको विवरण पेश नभएकाले विवरण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	७,९९,९५५

४९ **खर्चको पुष्ट्याइः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा सोही नियमावलीको नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्ने वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा भौचरहरुको नमुना छनौट गर्दा पालिकाले निम्न भौचरमा प्रयोजन नखुलाई खर्च गरेकोमा उक्त खर्च रकम अनियमित देखिएको रु.

गो भौ नं	वापत	रकम	कैफियत
८६।२०८०।०८।१५	खाजा	२४६७०	
६१।२०८०।०७।२२	खाना/खाजा	२८७५०	बैठक माइनुट पेश नभएको
१३०।२०८०।१०।२३	खाना/खाजा	३६६६०	
१३५।२०८०।१०।२५	खाना/खाजा	४५१८३	
३०६।२०८१।०२।१८	विविध खर्च	३८७९०	बैठक माइनुट पेश नभएको
जम्मा रकम		१७४०५३	

अनियमित भएको	१,७४,०५३

५० **शुभकामना सन्देश**

गाँउपालिकाले विभिन्न सूचना संचार गृह, पत्रपत्रिका छपाईमा आफूले सम्प्रेषित गरेको विषय वस्तु छपाईको आधारमा सम्झौता बमोजिम रकम भुक्तानी गर्नुपर्नेमा विभिन्न क्यालेण्डर छपाई र सूचना प्रकाशन, संघ, संगठनको नामबाट सन्दर्भ प्रकाशन लगायतका प्रकाशन सामग्री पूर्वस्वीकृति वेगर छपाउने र भुक्तानीको लागि गाउपालिकामा एक प्रति ल्याउने गरी विभिन्न संचार प्रकाशन समितिहरुलाई भुक्तानी गरेको देखियो । गाउपालिकाले आफैले विषयवस्तु छनौट गरी पूर्वस्वीकृति दिइ छपाई गर्ने कार्य वाहेक अन्य छपाई गरेको रकम अनियमित खर्च हुने हुनाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने देखियो ।

५१ **भ्रमण प्रतिबेदन**

भ्रमण खर्च नियमावली २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी भ्रमण सम्पन्न भए पश्चात भ्रमण प्रतिबेदन पेश गर्नुपर्ने व्यवस्था छ।पालिकाबाट यस बर्ष भ्रमणमा खटिएका पदाधिकारी तथा कर्मचारीले भ्रमण गर्नुको उद्धेश्य, भ्रमणमा देखिएका व्यहोरा, समस्या तथा चुनौति सहितको भ्रमण प्रतिबेदन पेश भएको पाइएन ।यसबाट एकातर्फ भ्रमण प्रभावकारी नहुने अर्कोतर्फ भ्रमण खर्च समेत अनुत्पादक हुने हुदा बिस्तृत प्रतिबेदन पेश गर्ने गराउने तर्फ सम्बन्धितको ध्यान जानु पर्दछ ।पालिकाबाट भएको भ्रमण खर्चको औचित्य र प्रभावकारीता एकीन गर्न सकिएन।

५२ **रासन खर्च** (182-२०८०-१२-१):

गो भौ नं १८२।२०८०।१२।०१ करारमा कर्मचारी भर्ना गरी सेवा सुविधा दिदा करार पत्रमा उल्लिखित सम्झैताका विषयमा मात्रै सेवा सुविधा दिनुपर्ने हुन्छ तर पालिकाले करार सम्झौतामा उल्लेख नगरि २०८० असार मसान्त देखि भाद्र मसान्त सम्मको रासन पानि खर्च वापत सन्तोष वावु सुवेदी लाई ५२१५० भुक्तानी गरेको देखिएको हुदा उक्त भुक्तानी रकम नियम संगत नदेखिएको रु

अनियमित भएको	५२,१५०

५३ **नन् फाईलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको 25 गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले भुक्तानी दिएको ती

फर्महरु लेखापरीक्षण अवधिसम्म पनि कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो। कानुनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

गो.भौ.नं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	विजक नं.	विजक रकम	समायोजन गर्नु पर्ने मुअकर कर रकम	ननफाइलर रहेको मिति
८९।२०८०।०८।२७	Himalayan Gorkha Net PVT.LTD	६०४३८५९३४	००१	१४९३८६	१७१८६	२०७७।m।४
८९।२०८०।०८।२७	Himalayan Gorkha Net PVT.LTD	६०४३८५९३४	०११	१९९३७७	२२९३७	२०७७।m।४
					४०१२३	

प्रमाण पेश नगरेको	४०,१२३

५४ **टुक्रा खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा एक आपूर्तिकर्ताबाट एक आर्थिक वर्षमा १० लाख रुपैया सम्मको मालसमान सोझै खरिद गर्न सकिने व्यवस्था छ । उपनियम १ मा यसरी खरिद गर्दा एक आर्थिक वर्षमा एउटै फर्म तथा व्यक्तिवाट सो सिमा भन्दा बढी खरिद गर्न नसकिने तथा न्यूनतम तीन जना सँग कोटेशन माग गरी खरिद गर्नुपर्ने उल्लेख छ । यदि सो भन्दा बढी भएमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ बमोजिम सिलबन्दी दरभाउपत्र तथा दफा ३१ बमोजिम खुल्ला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा पालिकाले एउटै आपूर्तिकर्ताबाट उल्लेखित सिमाभन्दा बढी खरिद गरेको नियमित नदेखिएको रु

गो भौ मिति	कामको विवरण	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम
४०६।२०८१।३।१७	स्थानीय पाठ्यपुस्तक छपाई	पव्लिक छापाखाना	१६९५००
३४९।२०८१।२।३०	पत्रपत्रिका छपाई	पव्लिक छापाखाना	२३०५२०
४०७।२०८१।३।१७	अध्यक्षसँग पोसाक कार्यक्रम	श्रीमम टेडिङ्ग	२०००००
४०८।२०८१।३।१७	सावजनिक पुस्तकालय स्थापना	हिमालयन एजुकेशन प्वाइन्ट	२९९५५०
३४९।२०८१।२।३०	पुस्तक खरिद	विद्यार्थी पुस्तक पसल	१६८४५४
७८।२०८०।०८।१४	क्यालेण्डर छपाई र स्टेशनरी	पब्लिक छापाखाना	३२९१६९
	योजनाको किताव छपाई	लमजुङ छापाखाना	७०६२५
स्टेशनरी तर्फ जम्मा			१४६७८१८
२८।२०८०।११।०२	फर्निचर खरिद	सिटिजन फर्निचर ट्रेड लिङ्ग	९८९७३३
३५।२०८०।१२।९	फर्निचर खरिद	युवा टेर्ड सप्लायर्स	२०८५९५
फर्निचर तर्फ जम्मा			११९८३२८
जम्मा			२६६६१४६

अनियमित भएको	२६,६६,१४६

५५ **संघीय र स्थानीय कार्यक्रममा दोहोरोपना** (372-२०८१-३-१३):

संघीय सरकारले स्वास्थ्यतर्फको सशर्त कार्यक्रम अन्तर्गत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको यातायात तथा प्रोत्साहनका लागि आर्थिक वर्ष २०८०।८१ मा प्रति महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई जनही रु १२००० का दरले यातायात भत्ता प्रदान गर्ने महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन कार्यक्रम अन्तर्गत बजेट निकासा गरेकोमा पालिकाले समेत सोहि कार्यक्रमको

लागि प्रति स्वयंमसेविका बार्षिक १२००० को दरले ६९ जनालाई रु ८२८००० यातायात भत्ता भुक्तानी गरेको छ। स्थानीय तहले समेत सोही कार्यक्रमको लागि एउटै र एकै लक्ष्य बोकेका कार्यक्रममा बजेट विनियोजन नगरि संघिय सरकारले ल्याएका कार्यक्रमसँग नजुध्ने गरी समन्वयात्मक ढंगले कार्य अगाडी बढाउनुपर्ने देखिन्छ। दोहोरो खर्च गर्दा बढी व्ययभार परेको रु

अनियमित भएको	८,२८,०००

५६ **सवारी मर्मत**

कार्यालयका सामानको मर्मत सम्भार गर्दा लागत अनुमान तयार गर्ने, मर्मत आदेश तयार गर्ने, प्राविधिक मुल्यांकन तयार गर्नुपर्ने हुन्छ तर गाउपालिकाले सवारी साधन मर्मत गर्दा लागत अनुमान, मर्मत आदेश र प्राविधिक परिक्षण विना एउटै गाडी एक वर्ष भरिमा रु १९०७६२५ मर्मत खर्च गरेको देखियो।लेखापरिक्षण पछी छलफलको क्रममा पालिकाको जवाफमा पालिकामा एउटा मात्र गाडी रहेको जुन विपद व्यवस्थापन, विरामी ओसार पसार, ढुवानी, शववाहन, सामाजिक सुरक्षा भत्ता वितरण लगायत सामाजिक आपतकालिन अवस्थामा प्रयोग गर्नुपर्ने साथै भौगोलिक विकटताको अवस्था र गाडी पुरानो भएको कारणले पटक पटक विग्रिने गरेको भन्ने जवाफ आएको छ। आगामी दिनमा दिर्घकालिन समाधान तिर जाने पालिकाको भनाई रहेको छ।

५७ **भरपाई पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । तर पालिका निम्न सामाग्रीको भरपाईको संलग्न विना खर्च गरेको देखिन्छ। खर्च पुष्ट्याई हुने भरपाई पेश गर्नुपर्ने रकम रु

गो भौ मिति	वापत	रकम	कैफियत
२१८।२०८१।०१।०१	ढुवानी	३३०००	भरपाई पेश नभएको
	खेलकुद सामाग्रीको दाखिला तथा वितरण भरपाई पेश नभएको	१०००००	लालीगुरास क्लव खेलकुद कार्यक्रमः
२३१।२०८१।०१।१२	खेलकुद सामाग्रीको दाखिला तथा वितरण भरपाई पेश नभएको	११२८४०	युवा खेलकुद कार्यक्रम
जम्मा		२४५८४०	

अनियमित भएको	२,४५,८४०

५८ **फोटोकपी विल भएपाई**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । तर पालिका निम्न भुक्तानी सक्कल विल भरपाई वेगर खर्च गरेकोमा सक्कल विल भरपाई पेश गर्नुपर्ने रकम रु

गो भौ मिति	वापत	रकम	कैफियत
१६१।२०८०।११।१४	फुटसल टिमलाई जर्सी वितरण	१६९४२	
६७।२०८०।०७।२३	विभिन्न पत्रपत्रिका तथा मिडियालाई भुक्तानी	२७३२७२	
१९७।२०८०।१२।१९	स्टेसनरी सामाग्री खरिद (सुयोग)	३०००००	विजक नं ३४९,३५४,३५५
२२२।२०८१।०१।०७	संचार महशुल	२१६९६	
		६११९१०	

अनियमित भएको	६,११,९१०

५९ **कृषी ढुवानी**

कृषि अनुदान वितरण गर्दा स्पष्ट कार्यविधि बनाई लक्षित समूहलाई अनुदान वितरण गर्नुपर्ने हुन्छ तर पालिकाले ५० प्रतिशत अनुदान कार्यक्रम अन्तरगत विउ वितरण लगायतका अन्य कृषि सामाग्री वितरण गर्दा कार्यविधि विना विउ र कृषि सामाग्री खरिद वितरण गरेको जसमा खरिदमा मात्र लाभग्रहीको लागत सहभागिता गरेको तर ढुवानी वापतको सवै रकम पालिकाले वेहोरेकोले स्पष्ट कार्यविधि नहुदा पालिकालाई थप व्ययभार परेको रकम रु.

गो.भौ/ मिति	खरिद गरेको कृषी सामाग्री	खरिद रकम	ढुवानी रकम
१४७।२०८०।१०।२६	आलु	९९२४००	१३७२००
२९८।२०८१।०२।१७	आलु	४४१९८०	११२०००
२९७।२०८१।०२।१७	टनेल प्लाष्टिक	१९२०००	८०००
जम्मा		१६२६३८०	२५७२००

पालिकाको जवाफः आगामी दिनमा कार्यविधि वनाई ढुवानी खर्चलाई व्यवस्थित गरिनेछ।

अनियमित भएको	२,५७,२००

६० **दोहोरो पदाधिकारी सुविधा** (123-२०८०-१०-१७):

गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीमा पदाधिकारीलाइ मासिक रुपमा पाउने सुविधाको व्यवस्था रहेको तथा दफा ४ मा पदाधिकारीले यस ऐनले निर्धारण गरेको वाहेक अन्य सुविधा नपाउने व्यवस्था रहेको छ। वडा नं १ का वडा अध्यक्ष पेमा गुरुङलाई गत आवको ईन्धनको विल पेश गरे वापत रु २०००० भुक्तानी दिएको देखियो गत वर्ष निजले ईन्धन वापतको सुविधा लिए नलिएको एकिन हुनुपर्ने र लिएको देखिएमा दोहोरो परेको ईन्धन वापतको असुल हुनुपर्ने रकम रु.

असुल गर्नुपर्ने	२०,०००

६१ **कार्यसम्पादन मूल्यांकन पुनरावलोकन समिति बैठक भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६२ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शीर्षकबाट रू.३०,३०,१३७।७६ खाना खाजा लगायत विविध कार्यक्रममा खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा बिल मात्र आएको देखिन्छ र त्यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा

विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले जानकारी गराएको छ। यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । केही उदाहरणः

मिति	भौ न	कार्यक्रमको विवरण	विवरण	खर्च
०३/२१/२०८१	१०२	अन्य विविध खर्च (चिया पानि लगायत अन्य विविध)	शाखाको चिया खाजा तथा अन्य मसलन्द सामाग्री खरिद वापतको रकम भुक्तानी गरिएको लेखा -	२४०००
०६/३०/२०८०	४४	विविध खर्च	विभिन्न पार्टिहरूलाइ रकम भुक्तानि -	५५९८०
०६/३०/२०८०	४५	विविध खर्च	वार्षिक समिक्षा तथा साल वसालि कार्यक्रम वापतको रकम डिकेन्द्र जंग गुरूङलाइ -	३३७००
१०/२३/२०८०	१३०	विविध खर्च	गा.पा.को विविध खर्च	५३८९५
११/२४/२०८०	१७२	विविध खर्च	खानाखाजा तथा विविध खर्च वापतको रकम शारदा होटलका संचालक वउराज गुरूङलाइ -	३२०५०
०१/१३/२०८१	२३७	विविध खर्च	गुरूङलाइ गा.पा.को विविध	३०९४०
०१/२६/२०८१	२५६	विविध खर्च	जे.सि.भि.प्रयोग गर्दाको एवम फोटो पत्रकारहरूको खाना खाजा वापतको रकम -	२१०२०
०१/२७/२०८१	२६०	विविध खर्च	वडा नं ४ भुजुङ गाँउ चिनारी वृत्तचित्र निर्माण वापतको रकम सामुदायिक होमस्टेलाइ भुक्तानि -	१०००००
०२/१८/२०८१	३०६	विविध खर्च	गा.पा.विभिन्न कार्यक्रम वैठक तथा गोष्ठिमा खाना खाजा वापतको रकम प्रो.वउराज गुरूङलाइ -	३८७९०
०३/१३/२०८१	३७०	विविध खर्च	विपदको समयमा कामदारलाइ खाजा खुवाएवापतको रकम सचिव नविन घर्तिमगरलाइ भुम्तानि -	१३००
१०/२५/२०८०	१३५	विविध खर्च	टि.एम.होलिडे होमलाइ भुक्तानि -	४५१८३
०२/१७/२०८१	२९३	विविध खर्च	गोष्ठिमा खाना खाजा एवम वास वापतको रकम घलेज होमका प्रोपाइटर प्रेम व.घलेलाइ रकम -	७९८८०
०३/१७/२०८१	४००	विविध खर्च	वडा नं ३ विपदखेलकुद विकाश तथा विविध खर्च वापतको रकम जुना घलेलाइ भुक्तानी	३००००
०३/१९/२०८१	४५१	विविध खर्च	वैठक सेमिनार भेलाहरूमा खाना खाजा वास वापतको रकम डिकेन्द्र जङ गुरूङलाइ भुक्तानी	२६४८०
०३/१९/२०८१	४५२	विविध खर्च	गा.पा.को महिला टिमको सहभागिता वापत खाना खाजा वसाइ वापतको रकम भुक्तानी	८६८९०
०३/२१/२०८१	४९७	विविध खर्च	सलोमी जिताउ अभियान को रकम मिन कुमारी गुरुङलाई भुक्तानी गरिएको लेखा	७५०००
०२/१७/२०८१	२९९	विविध खर्च	वडा नं ४ वडा संचालन खर्च वापतको रकम प्राविधिक रमेश श्रेष्ठलाइ भुक्तानी	१४८००
०३/१९/२०८१	४५३	विविध खर्च	वडा कार्यालयको सिफारिसको आधारमा वडा संचालन खर्च वापतको रकम इन्जिनियर रमेश श्रेष्ठलाई रकम भुक्तानी गरिएको लेखा -	२५२००
०३/१९/२०८१	४४४	विविध खर्च	विविधमसलन्द र नेवुलाइजर शिर्षकवाट एकमुष्ठ खर्च गरि कार्यालयको फर्निचर खरिद	५००००
२०८१/०२/३०	३४८	विविध खर्च वडा १	डिल व. लामालाइ भुक्तानि।अपुग ५००० अतिथि सत्कार	१२०००

०७/२२/२०८०	६१	विविध वडा भेला तथा समिति बैठक खर्च	वडा नं ८ सन्चालन खर्च सचिव नविन घर्ति मगरलाइ भुक्तानी	२८७५०
०२/२१/२०८१	३३६	विविध वडा भेला तथा समिति बैठक खर्च	वडा नं ८ वडा संचालन खर्च वापतको रकम प्राविधिक गोपाल गुरूङलाइ भुक्तानी	११२५०
०३/१८/२०८१	४२०	विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको अतिथि सत्कार भ्रमण खर्च	वडा नं २ को अतिथि सत्कार वापतको रकम भुक्तानी	१९०००
०३/१७/२०८१	३९७	विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च र अतिथि सत्कार	वडा नं ९ को वडा संचालन खर्च सचिव शान्ता भन्डारीको नाममा भुक्तानी	२५०००
			जम्मा	९२११०८

६३ **हेलीप्याड निर्माण**

नेपाल नागरिक उड्यान प्राधिकरणले मिति २०७५।८।०६ गते स्वीकृत गरेको जमिनको सतहमा हेलिप्याड निर्माण तथा संचालन सम्बन्धि कार्यविधि, २०७५ को दफा ३ मा स्थानीय तहले हेलिप्याड निर्माण गरी हवाई यातायात संचालनको पूर्वाधार निर्माण गर्न तथा हेलिकप्टर उडान र अवतरणलाई सुरक्षित, भरपर्दो र व्यवस्थित बनाउन हेलिप्याड निर्माण गर्ने सक्ने तथा दफा ४ मा हेलिप्याड निर्माणस्थलको निर्माणको लागि जम्मा जमिन, उचाई, अक्षांश, देशान्तर जस्ता विवरण स्थानीय तहले तयार गर्नुपर्ने तथा दफा ११ मा कार्यविधि बमोजिम हेलिप्याड डिजाईन तथा निर्माण कार्य गराई सोको जानकारी दफा ४ मा उल्लेखित विवरण सहित ३० दिन भित्र नेपाल नागरिक उड्यान प्राधिकरणलाई गराउनु पर्ने तथा यसरी निर्माण गरेको हेलिप्याड सुरक्षित भए नभएको यकिन गर्ने निरीक्षण गर्न प्राधिकरणले स्थलगत भ्रमण गरी योग्य भएमा प्राधिकरणले आवश्यक जानकारी सहित AIP मा प्रकाशन गनुपर्ने तथा हेलिप्याड निर्माण गर्ने स्थानीय तहले प्राधिकरणसँग समन्वय गनुपर्ने व्यवस्था छ । साथै दफा १४ मा हेलिप्याड निर्माण गरी स्थानीय तहले नागरिक उड्यन प्राधिकरणको क्षेत्रिय कार्यालयमा जानकारी गराउनुपर्ने व्यवस्था छ । पालिकाले हेलिप्याड निर्माण कार्यको लागि भौचर नं ४६। २०७८।१।०१ रु ३२००२६ लागत अनुमान तयार गरी रु ३२२१९ अंश कट्टा गरी रु ३२०२१९ मुल्याङ्कका गरी उपभोक्ता समित लाई रु २८२८४९ भुक्तानी गरेको देखिन्छ ।यसरी हेलिप्याड निर्माण कार्य कार्यविधिले तोकेको प्रकृया पुरा नगरी निर्माण सम्पन्न भएको देखिएको र प्राधिकरणको जानकारीमा समेत भए नभएको प्रमाण पेश नभएकाले पालिकाले नागरिक उड्यान प्राधिकरणसँग समन्वय गरी अभिलेखमा दर्ता गरी AIP मा प्रकाशन गरेको अभिलेख सहितको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	३,२०,०२६

६४ **हेभि इक्युमेन्ट**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट संचालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर तथा डोजर, विट्रुमिन व्याइलर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न पाइने छैन भनी व्यवस्था गरेको छ ।नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले निम्न उपभोक्ता समितिलाई सडक मर्मत कार्यको लागि निर्माण व्यवसायीको उपयोग गरी हेभि इक्विपमेन्ट प्रयोग गरेको देखियो।नियम ९७ अनुसार स्थानीय स्तरमा रोगजारी सृजना हुने कार्यमा उपभोक्ता समितिलाई कार्य दिनुपर्नेमा यसरी निर्माण व्यवसायीलाई जिम्मा दिँदा स्थानीय स्तरमा रोजगारी प्रावर्द्धन नुहने तथा कार्यमा दिगोपना र अपनवत्व पनि नहुने भएकाले त्यस तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

भौचर नं	उपभोक्ता समिति	लागत अनुमान	निर्माण सेवा	मू.अ कर विजक
४५०।२०८१।३।१९	मालिङ्ग युवा क्लव खेल मैदान निर्माण उ स	१००००००	महिन्द्री कन्सट्रक्सन	१०६७५२५

६५ **कार्य स्वीकार प्रतिवेदन**

सार्वजनिक खरिद नियमावलीको नियम ११७ बमोजिम सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नु पर्दछ।सो प्रतिवेदन तयार भएपछि सार्वजनिक निकायले आवश्यक प्रक्रिया पूरा गरी भुक्तानीको लागि सम्बन्धित आर्थिक

प्रशासन शाखा वा निकायमा अबिलम्ब लेखी पठाउनु पर्ने व्यवस्था गरेको छ।सोहि नियमको उपनियम (४) मा निर्माण गरिएको संरचनाको उद्देश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरी प्रमाणित नभएसम्म त्यस्तो कुनै पनि कार्य स्वीकार गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ।नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले मालिङ्ग युवा क्लबलाई देहायका कार्य नगरी कार्य सम्पन्न प्रतिबेदन तयार गरी अन्तिम बील बाट भुक्तानी गर्दा लागत अनुमान र वास्तविक कार्यमा तादम्यता मिलेको देखिदैन । तसर्थ कार्यालयले यथार्थपरक लागत अनुमान तयार गरी योजना कार्यान्वियन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

आइटम	शुरुको परिमाण	सम्पन्न परिमाण(घ.मी	छोडेको कामको परीमाण	फरक प्रतिशत
Soft soil	4050m3	1625	2425	60
Hard soil	5167m3	8261	3094	-60

६६ **कार्य स्वीकार प्रतिवेदन**

सार्वजनिक खरिद नियमावलीको नियम ११७ बमोजिम सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नु पर्दछ।सो प्रतिवेदन तयार भएपछि सार्वजनिक निकायले आवश्यक प्रक्रिया पूरा गरी भुक्तानीको लागि सम्बन्धित आर्थिक प्रशासन शाखा वा निकायमा अबिलम्ब लेखी पठाउनु पर्ने व्यवस्था गरेको छ।सोहि नियमको उपनियम (४) मा निर्माण गरिएको संरचनाको उद्देश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरी प्रमाणित नभएसम्म त्यस्तो कुनै पनि कार्य स्वीकार गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ। पालिकाले भौचर नं ७६।२०८१।२।०१ बाट उपभोक्ता समिति मार्फत नजरे टोल सुधार कर्याक्रममा गाह्रो जोडाइ १:४ कार्यको लागि शुरु परीमाण १४ घ.मी अनुमान गरेकोमा ३.६७ घ.मीको कार्य स्वीकार गरी अन्तिम बील मार्फत भुक्तानी गर्दा कार्य स्वीकार प्रतिबेदन तयार नगरी भुक्तानी गरेको दखियो ।तसर्थ यथार्थपकर लागत अनुमानमा ध्यान दिनुपर्दछ ।

६७ **मृत्य पश्चात भत्ता वितरण**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा नं. २६ को उपदफा ३ अनुसार एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित लाभग्राहीलाई भुक्तानी गरी सो मितिभन्दा पछिको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी बाँकी रकम फिर्ता गरी संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार निम्नानुसार मृत्य भएका लाभग्राही नाममा समेत भत्ता वितरण भएकोले उक्त रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

वडा नं.	लाभग्राहीको नाम	नागरिकता नं.	लगत कट्टा लागु मिति	निकासा रकम	बढी निकासा
१	जुठे कामी	२४६३	२०८१।३।२१	१०७१०	१२९०
१	गंगा कामी	२४२७	२०८१।२।२६	४८२१	३१५९
२	सुगर दमै	८०३	२०८१।३।२८	११६१३	३८७
२	शुक माया क्षेत्री	८३७	२०८१।३।२३	१०९६७८	१०३२
३	रुद्रमान गुरुङ	३५८७	२०८१।३।१२	१५४८	२४५२
३	पञ्च कुमारी गुरुङ	४५-०१-७०-०३३७६	२०८१।०३।१२	६३५०	१६३०
३	मयपान गुरुङ	६८४	२०८१।३।२८	११६१३	३८७
३	बेलु भन्ने बिलु गुरुङ	७६३६	२०८१।३।१३	१०३२३	१६७७
४	सुक माया दमै	३५२८	२०८१।३।२९	११७४२	२५८
५	सुक देव कामी	२९७२	२०८१।२।१६	३९९०	३९९०
९	विल बहादुर क्षेत्री	१५२५	२०८१।३।४	८५१६	३४८४
			जम्मा	**१९०९०४**	**१९७४६**

असुल गर्नुपर्ने	१९,७४६

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : क्होलासोथार गाउँपालिका, लमजुङ , कव्होलासोथार गाउँपालिका , लमजुङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	MADHAV PRASAD WAGLE	२०८०-५-१९	हाल सम्म कार्यरत
लेखा प्रमुख	KABI RANABHAT	२०७६-९-३	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
४७१,३३१	१८,७१४,५१८.१५	२,८७१,२१६.९६	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२२,०५७,०६६.११
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	१,६२१,४२०.९६
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	२०,४३५,६४५.१५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३०५५७७५२.९८	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२०७२२०००२.६	**चालु खर्च**	२३२१००८९१.८५
प्रदेश सरकारबाट अनुदान	१२६०८८३८	**पूँजीगत खर्च**	५१७७२१९५.०२
राजश्व बाँडफाँट	५९७१०१८८.५३	**वित्तीय/अन्य व्यवस्था**	९१९१५७६५.८३
आन्तरिक आय	३२०३३१४.०		
अन्य आय	९१५८०४२३.३२		
कुल आय	३७४३२२७६६.४५	**कुल खर्च**	३७५७८८८५२.७०
बाँकी मौज्दात		२९०९१६६६.७३	

अनुसूची - २

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।